/२०६५/०६६ पान नं. : ६२२३०६७२४ दर्ता नं.: RUP/SA/43/10

रुख रोपौं, वातावरण स्वच्छ राखौं

# श्री पहिलाखोला सामुदायिक वन उपभोक्ता समूह

सैनामैना-१० ..., ...खण्डी, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

स्थाः २०६५

पत्र संख्या : २०८३/०८४

चलानी नं.:

मितिः २०८३/०६/०७

काठ लिलाम बिक्री सम्बन्धि शिलवन्दी बोलपत्र आव्हानको सुचना !

यस सामूदायिक वनको स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम आ.व. २०८२/०८३ मा उत्पादन भएको काठदाउरामध्ये समूह भित्रका उपभोक्ताहरुमा बिक्री वितरण भई घाटगद्दीमा बाँकी रहेको लट नं. १,२,३, बमोजिमको विभिन्न जातको गोलिया थान ४५५ को २३८०.३६ कू.फि . काठ र साल जातको दाउरा ३ चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । वन पैदावारको कारोवार गर्ने इजाजत प्राप्त मु.अ. करमा दर्ता भएका, कर चुक्ता गरेका र सुचिकृत भएका व्यवसायीले यो सुचना राष्ट्रिय दैनिक , बुटवल टुडे (वर्ष १४,अंक ७६) पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र समूहको कार्यालय तथा डिभिजन वन कार्यालय रुपन्देहीवाट बोलपत्र खरिद गरि २२ औं दिन कार्यालय समय भित्र खरिद गरेको निकायमा शिलवन्दी वोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारी तथा सूचनाको लागी समूको कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।

१. पैदावार विवरण

तपसिल

| सि .नं. | लट नं. | धाङ नं. | प्रजाति | ग्रेड | गोलिया संख्या | परिमाण ( क्यु.फि | न्यूनतम दर | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दर | जम्मा | |
| 1 | 1-2083/084 | 1,3,10, 14,15,17 | असना | A | 4 | 73.30 | 400 | 29320.95 | |
| | | | असना | B | 6 | 55.73 | 300 | 16718.36 | |
| | | | असना | C | 9 | 42.14 | 100 | 4213.76 | |
| | | | साल | A | 9 | 114.04 | 1250 | 142553.9 | |
| | | | साल | B | 26 | 204.70 | 900 | 184230.87 | |
| | | | साल | C | 66 | 249.42 | 600 | 149652.40 | |
| | | | साल | D | 15 | 58.42 | 300 | 17527.18 | |
| | | | जम्मा | | **135** | **797.75** | | **544217.42** | |
| 2 | 2-2083/084 | 2,5,6, 7,13 | साल | A | 5 | 73.64 | 1250 | 92043.96 | |
| | | | साल | B | 33 | 299.58 | 900 | 269618.52 | |
| | | | साल | C | 113 | 365.76 | 600 | 219458.60 | |
| | | | साल | D | 26 | 68.32 | 300 | 20496.57 | |
| | | | जम्मा | | **177** | **807.30** | | **601617.64** | |

लक्ष्मी राना

अध्यक्ष

पत्र संख्या : ०८३/०८४

चलानी नं.:

मितिः २०८३/०६/०९

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| . | | | बाँझी | N | 31 | 136.70 | 100 | 13669.61 | |
| | | | साल | A | 10 | 150.39 | 1250 | 187990.15 | |
| 3 | 3- | 4,11,12,16 | साल | B | 21 | 205.24 | 900 | 184716.88 | |
| | 2083/084 | | साल | C | 72 | 241.53 | 600 | 144915.68 | |
| | | | | D | 9 | 41.44 | 300 | 12432.91 | |
| | | | दाउरा चट्टा | | | **3** | **12000** | **36000.00** | |
| | | | जम्मा | | | | | **579725.23** | |

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

(क) खरिद गर्ने अन्तिम मिति २०८३/०६/२१ गते कार्यलय समय सम्म ।

(ख) दाखिला गर्ने अन्तिम मिति २०८३/०६/२२ गते कार्यलय समय सम्म ।

३. बोलपत्र फाराम रु.१०००/- (पछि फिर्ता नहुने गरी) तिरी यस समूहको कार्यालय तथा डिभिजन वन कार्यालय वन कार्यालय रुपन्देहीवाट खरिद गरी सोही कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

४. शिलवन्दी बोलपत्र साथ कबोल रकमको १० प्रतिशतले हुन आएने धरौटी यस समुहको नाममा रहेको कामना विकास बैंक , सालझण्डी शाखामा रहेको वचत खाता नं. ०२६००३००१३५०६८००००१ मा रकम जम्मा गरेको सक्कल वैंक भौचर वा यस कार्यालयको नाममा खिचिएको बैंक ड्राफ्ट कम्तीमा ६ महिनाको समावेश गर्नु पर्ने छ।

५ .लिलाम बिक्री हुने वन पैदावार सम्वन्धित घाटगद्धी स्थलमा गै हेर्न सकिनेछ ।

६. लिलाम भाग लिन इच्छुक व्यवसायीले काठ दाउराको कारोवार गर्ने व्यवसाय दर्ताको प्रमाण, नेपाली नागरिकताको प्रमाणपत्र , कर चुक्ता प्रमाण पत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रमाणित प्रतिलिपि बोलपत्र खरिद गर्नको लागि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

७. रित पूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३/०६/२३ गते दिउसोको २ :०० बजे कार्यालय प्रतिनिधि बोलपत्रदाता वा निजका प्रतिनिधि रोहरमा यस समूहको कार्यालय, सैनामैना १० , रुपन्देहीमा खोलिने छ ।

लक्ष्मी राना

अध्यक्ष

वोलपत्रदाता वा निजका प्रतिनिधिको अनुपस्थितिमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. लिलाम स्विकृतको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १० दिनभित्र सकार गरेको रकम र संकलन खर्च एवं कानुन बमोजिम लाग्ने कर समेत बुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अंकर अक्षर दुबैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. शिलवन्दी भई नआएको , सम्वन्धित कार्यालयवाट बिक्री नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको , जसको नाममा बिक्री भएको बोलपत्र फाराम हो, उसैको तर्फवाट दाखिला नगरेको, वोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कबोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र बोलपत्र आव्हानको सुचना मा तोकिएका अन्य शर्तहरु पुरा नभएको, बोलपत्र उपर कारवाही हुने छैन ।

११. बोलपत्र, शिलवन्दी गरि पेश गर्नु पर्नेछ र शिलवन्धी खाममा लट नम्बर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरि पहिलाखोला सामुदायिक वन उपभोक्ता समूहको काठ लिलाम शिलबन्धि बोलपत्र भनी उल्लेख गरेको हुनुपर्ने छ ।

१२. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार, यस सामूदायिक वन उपभोक्ता समितिमा निहीत रहने छ ।

१३. उपरोक्त उल्लेखित कुनै दिनमा विदा परेमा सो को भोली पल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ ।

१४. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समितिको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१५. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसका उल्लेख नभए जतिको हकमा प्रचलित कानून अनूसार हुने छ।

लक्ष्मी राना

अध्यक्ष